# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### भरतपुर, चितवन

पत्र संख्याः २०८०/०८१
चलानी नं. ५५२२

मितिः २०८०/१२/०५

विषयः विज्ञापन शुल्क भुक्तानी सम्वन्धमा।

श्री विज्ञापनजन्य सामग्रीको कर भुक्तानी नगर्ने सङ्घ, संस्था उद्योग तथा व्यापारीक प्रतिष्ठानहरू सबै।
भरतपुर महानगरपालिका

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवम् अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बागमती प्रदेश सरकार आर्थिक ऐन, तथा भरतपुर महानगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ८ बमोजिम आ.व. २०७८/०७९ देखि २०८०/०८१ सम्मका लागि डिजिटल डिस्प्ले बोर्ड, लाईटवोर्ड, ग्लो साइनबोर्ड (सबै प्रकारका विद्युतीय शक्तिको उपयोग गरी बनेका विज्ञापनजन्य सामग्रीहरू) होर्डिङ्ग वोर्ड तथा विद्युतीय प्रचारप्रसार, भित्ता साथै व्यवसाय स्थलमा राखिएका फुटकर विज्ञापन सामग्रीको कर उठाउने सम्वन्धमा भएको आय ठेक्का सम्झौता बमोजिम श्री प्रनिश कन्स्ट्रक्सनले सम्झौता तथा कार्यदेश प्राप्त गरेको हुँदा प्रचलित कानून बमोजिम पुरानो बक्यौता सहित ७ (सात) दिनभित्र वार्षिक विज्ञापन कर दाखिला गर्नु/गराउनु सम्वन्धित सबैमा अनुरोध गरिएको छ। पत्रको अवज्ञा गरी अटेर गरेको पाइएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा भरतपुर महानगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची-८ को दफा ४ र ५ बमोजिम नगर प्रहरीको समन्वयमा विज्ञापनजन्य प्रचार सामग्री हटाई जफत गरीने, मेटाउने र सो कार्य गर्दा लाग्ने खर्च समेत सम्वन्धित फर्म/कम्पनीलाई लाग्ने जरिवाना रकममा थप गरी असुल गरिने व्यहोरा अवगत गराईन्छ।

**बोधार्थः**
श्री महानगरीय प्रहरी बल, भरतपुर महानगरपालिका।
श्री प्रनिश कन्स्ट्रक्सन प्रा.लि., भरतपुर, चितवन।
श्री- सुचना प्रविधि शाखा:- कार्यालयको वेभ साइटमा अपलोड गरीदिनु हुन।

(जगन्नाथ अर्याल)
उपनिर्देशक

Scanned with CamScanner